# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तीन महिनाको प्रगति विवरण

मिति २०७२/१२/१९

भूकम्पबाट क्षति भएका भौतिक संरचनाहरुको पुनर्निर्माण योजनाबद्ध, व्यवस्थित ढंगबाट समयमै सम्पन्न हुनुपर्छ र कुनै पनि बहानामा पुनर्निर्माणमा ढिलाई गर्न हुँदैन भन्ने मान्यताबाट निर्देशित भएर पुनर्निर्माण प्राधिकरण आफ्नो जिम्मेवारी पूरा गर्न समर्पित भएर अघि बढेको छ ।

पुनर्निर्माण प्राधिकरण गठन हुँदा चूनौतीका पहाडहरु थिए । एकातिर भूकम्पपछिको पुनर्निर्माण कार्य तुरुन्त प्रारम्भ होस् भन्ने व्यापक अपेक्षा थियो भने अर्कातिर भौतिक पूर्वाधार, मानवीय संशाधन र नीतिगत कुरा प्रायः शुन्यको अवस्थामा थिए । त्यस्तो अवस्थामा काम सुरु गरेको प्राधिकरण साढे दुई महिनाभित्र नै अनुदान सहयोगको रकम लिएर भूकम्पबाट प्रभावित जनताबीच पुग्न सफल भएको छ ।

**अनुदान वितरण सुरु**

२०७२ साल फागुन ३० गतेदेखि प्राधिकरणले भूकम्पबाट क्षति पुगेका निजी आवास पुनर्निर्माणका लागि सरकारले दिने अनुदान सहयोग जनतालाई उपलब्ध गराउन थालेको हो । दोलखा जिल्लाको सिंगटीको स्रोत केन्द्रबाट लामिडाँडा र लादुक गाविसका जनतालाई अनुदान दिन शुरु गरिएकोमा ६४१ घरधनीसँग अनुदान सम्झौता भइसकेको छ ।

प्राधिकरण चैत्र महिनाभित्रै उपत्यका बाहेकाका १० वटा जिल्लामा अनुदान सम्झौता गर्ने गृहकार्यमा जुटेको छ । ललितपुरको बुंगमतीमा सर्भेक्षण जारी छ । काठमाडौं उपत्यकामा चैत्र महिनाभित्र सर्भेक्षण कार्य अघि बढाइदैछ र सोही अनुरुप अनुदान सम्झौता प्रकृया अघि बढाइनेछ ।

**करिव पाँच लाख घरको सर्वेक्षण**

भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम अन्तर्गत सञ्चालित सर्भेक्षण अनुसार भूकम्पबाट क्षति भएका करिव पाँच लाख घरको सर्भेक्षण भइसकेको छ । विपद्पछिको प्रारम्भिक आवश्यकता आंकलन प्रतिवेदन अनुसार २०७२ साल वैशाख १२ र त्यसपछिका परकम्पहरुबाट ४,९८, ६९७ निजी घर पूर्ण रुपले क्षति भएका थिए भने २ लाख ५६ हजार ६ सय ९७ घर आंशिक रुपमा क्षति भएका थिए ।

सरकारले प्रदान गर्ने अनुदान पाउन कोही नछुट्टुन र कोही नदोरिउन भन्ने अभिप्रायले सर्भेक्षण गरिएको हो । सर्भेक्षणका लागि करिव १६ सय इन्जिनियर भूकम्प प्रभावित क्षेत्रमा खटिएका छन् । त्यसको मुख्य नेतृत्व केन्द्रीय तथ्यांक विभागले गरेको छ ।

**सबै संरचना पुनर्निर्माणको प्रकृयामा**

ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु, सरकारी भवन, विद्यालय एवं स्वास्थ्य केन्द्र लगायतको संरचनाहरुको पुनर्निर्माणका लागि आवश्यक प्रकृया अघि बढिसकेका छन् ।

काठमाडौंको रानीपोखरी र धरहराको पुनर्निर्माण प्रकृया सुरु भइसकेको छ । रानी पोखरीको पुनर्निर्माणका लागि बोलपत्र आह्वान भई काम अघि बढेको छ । यस्तै धरहरा पुनर्निर्माणको काम पनि प्रकृयामा छ भने सर्वसाधारण लगायत सबैले सहयोग गर्न राष्ट्रिय वाणिज्य बैंकमा धरहरा पुनर्निर्माण कोषको खाता खोलिएको छ ।

**भौतिक पूर्वाधार, मानव संशाधन र उपक्षेत्रीय कार्यालय**

सिंहदरबारस्थित प्रिफेवको घरमा रहेको प्राधिकरणले पहिलेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत प्रयोग गरेको छ । प्राधिकरण गठन भएलगत्तै का◌ुम सचिव र एक जना नायव सुब्बा मात्र रहेकोमा अहिले ७७ कर्मचारी कर्मचारी नियमित काममा छन । सामान्य प्रशासन मन्त्रालयले इन्जिनियरहरु पठाउने निर्णय गरिसकेको छ भने अरु कर्मचारी आउने क्रम जारी छ ।

दोलखा जिल्लामा उपक्षेत्रीय कार्यालय स्थापना भएको छ । यस्तै गोर्खा, नुवाकोट, काभ्रे लगायतमा कार्यालय खोलिएको छ ।

**केन्द्रीय आयोजना कार्यान्वयन इकाई गठन**

भवन निर्माणका लागि सहरी विकास मन्त्रालयमा, पुरातत्व सम्बन्धी पुनर्निर्माणका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा, विद्यालय भवन निर्माणका लागि शिक्षा मन्त्रालयमा, स्वास्थ्य संस्था भवन निर्माणका लागि स्वास्थ्य मन्त्रालयमा र गाविस भवन निर्माणका लागि स्थानीय विकास मन्त्रालयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई स्थापना गरिएको छ ।

निजी अवास बनाउन स्थानीय विकास मन्त्रालय अन्तर्गतको इकाईले अनुदान वितरण र सहरी विकास मन्त्रालय अन्तर्गतको इकाईले प्राविधिक सहयोग पु¥याउने छन् । भौतिक पूर्वाधारको तयारीदेखि मानवीय संशासनको व्यवस्था मिलाउन समेत यी इकाईहरु सक्रिय भइसकेका छन् । सहरी विकास मन्त्रालयले करिव २६ सय इन्जिनियर लिने तयारी गरिसकेको छ ।

**नीतिगत स्पष्टता**

पुनर्निर्माण र पुनस्र्थापनाका लागि नीतिगत रुपमा प्राधिकरण स्पष्ट भएको छ । पुनर्निर्माण र पुनस्र्थापना सम्बन्धी नीति २०७२ सार्वजनिक भई लागू भइसकेको छ । यस्तै प्राधिकरणको संस्थागत संरचना र कार्यान्वयन प्रकृयामा पनि स्पष्ट भएको छ । संस्थागत संरचनाले केन्द्रदेखि जिल्लासम्म हुने संरचनाबारे स्पष्ट पारेको छ भने कार्यान्वयन प्रकृयाले पुनर्निर्माण हुने क्षेत्र र त्यसमा संलग्न हुने संस्था तथा निकायको भूमिकालाई प्रष्ट पारेको छ ।

यस्तै प्राधिकरणको परामर्श परिषद्, निर्देशक समिति र कार्यकारी समितिले पूर्णता पाएका छन् ।

निजी आवास पुनर्निर्माण सम्बन्धमा अनुदान वितरण कार्यविधि, वातावरणीय प्रभाव मूल्यांकन कार्यविधि, जग्गा प्राप्ति कार्यविधि, सार्वजनिक खरिद कार्यविधि र नियमावलीहरु मन्त्रिपरिषदबा्ट पारित भइसकेका छन् ।

**प्रकृयामा रहेका कामहरु**

बजेटका लागि सम्बन्धीत मन्त्रालयहरुलाई अख्तियारी दिने कार्य प्रारम्भ गरिसकिएको छ । राष्ट्रिय योजनाबाट स्वीकृत भएका कार्यक्रमहरुलाई प्राधिकरणले पुनः अध्ययन गरी बजेट मिलाउनुपर्ने भएकाले समय लागेको हो ।

पुनर्निर्माण र पुनस्र्थापनामा गैरसरकारी संस्थाको परिचालन सम्बन्धी कार्यविधि, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणका लागि जग्गा दर्ता गर्दा अपनाउनुपर्ने कार्यविधि, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधिहरुको गृहकार्य भइरहेको छ ।

योजनाबद्ध रुपमा अघि बढ्नका लागि प्राधिकरणले पुनर्निर्माणको पञ्च वर्षिय योजना तथा पुनर्निर्माण सम्बन्धी खाका अन्तिम चरणमा पुगेको छ । यसका लागि प्राधिकरणले सम्बन्धीत क्षेत्रका विज्ञ, मन्त्रालयहरुका योजना र महाशाखा प्रमुखसँग छलफल सुरु गरिसकेको छ ।